# नेपाल नागरिक उड्डयन प्राधिकरण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०७६ श्रावण महिनादेखि पौष महिनाको मसान्तसम्म)




नेपाल नागरिक उड्डयन प्राधिकरण

बबरमहल, काठमाडौं

माघ, २०७६

सूचना सार्वजनिक गर्ने निकायको नाम :- **नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं**
सूचना सार्वजनिक गरेको अवधि :- २०७६ पौष महिनाको मसान्तसम्म ।

## १. निकायको स्वरुप र प्रकृति

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो । नेपालमा नागरिक उड्डयन (सिभिल एभिएशन) को विकास तथा विस्तार गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन) र हवाई परिवहन (एयर ट्रान्स्पोर्टेशन) सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन प्राधिकरणको स्थापना भएको हो । महानिर्देशक, उप-महानिर्देशक-४, महाप्रबन्धक, प्रतिष्ठान प्रमुख निर्देशक लगायत अधिकृत र सहायक तहका गरी प्राधिकरणको कुल स्वीकृत कर्मचारी दरबन्दी संख्या १०६५ रहेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण नेपालमा हवाई यातायातको क्षेत्रमा नियामक र सेवा प्रदायक संस्थाको भूमिका निर्वाह गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन) र हवाई परिवहन (एयर ट्रान्स्पोर्टेशन) सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउने उद्देश्यकासाथ नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो ।

प्राधिकरणको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका अध्यक्ष तथा सदस्यहरू भएको सञ्चालक समितिको गठन भएको छ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्यमन्त्री वा नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष
(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
(ग) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
(घ) पर्यटन उद्योग व्यवसायमा विशेष दखल तथा अनुभव भएका निजी क्षेत्र वा संघ, संस्थाका व्यक्तिहरूमध्ये नेपाल सरकारबाट मनोनित एकजना - सदस्य
(ङ) नागरिक उड्डयन सम्बन्धमा विशेष योग्यता हासिल गरेका व्यक्तिहरूमध्येबाट कम्तीमा एकजना महिला सहित नेपाल सरकारबाट मनोनित दुईजना जना - सदस्य
(च) .....
(छ) महानिर्देशक - सदस्य-सचिव

## २. निकायको काम, कर्तव्य र अधिकार काम, कर्तव्य र अधिकार

नेपाल नागरिक उड्डयन प्राधिकरणको ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेकोछ :-

(क) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुसेवा सञ्चालन संस्थाहरूलाई वायुसेवा सञ्चालन गर्न तोकिए बमोजिम अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने ।

(ख) प्रचलित कानून बमोजिम इजाजत प्राप्त हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको सञ्चालन गर्न तोकिए बमोजिम अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने ।

(ग) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुयान तथा वायुयानको पार्टपूर्जाहरूको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थाहरूलाई तोकिए बमोजिम अनुमति दिने तथा त्यस्तो संस्थामा काम गर्ने प्राविधिज्ञलाई तोकिए बमोजिम इजाजत, कार्यक्षमताको स्तरीकरण (रेटिङ्ग) तथा प्रमाणपत्र दिने, नवीकरण गर्ने, रद्द गर्ने, स्थगित गर्ने, फिर्ता गर्ने तथा त्यस्तो इजाजत कार्यक्षमताको स्तरीकरण (रेटिङ्ग) र प्रमाणपत्र दिने सम्बन्धमा आवश्यक योग्यता तोक्ने तथा परीक्षा लिने ।

(घ) वायुसेवा सञ्चालनसँग सम्बद्ध तोकिए बमोजिमको योग्यता प्राप्त व्यक्तिहरूलाई तोकिए बमोजिम इजाजत, कार्य क्षमताको स्तरीकरण (रेटिङ्ग) तथा प्रमाणपत्र दिने, नवीकरण गर्ने, रद्द गर्ने, स्थगित गर्ने, फिर्ता गर्ने तथा त्यस्तो इजाजत कार्यक्षमताको स्तरीकरण (रेटिङ्ग) र प्रमाणपत्र दिने सम्बन्धमा आवश्यक योग्यता तोक्ने र परीक्षा लिने ।

(ङ) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अधिकार प्राप्त संघ संस्थाबाट वायुसेवा सञ्चालनसग सम्बन्धित विषयहरूमा प्रदान गरेको इजाजत, कार्यक्षमताको स्तरीकरण (रेटिङ्ग) तथा प्रमाणपत्रहरू र वायुयान मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थालाई नेपाली वायुयानको मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्न मान्यता दिने ।

(च) वायुयानको तोकिए बमोजिम दर्ता (रजिष्ट्रेशन) गर्ने र चिन्ह अंकित (मार्किङ्ग) गर्ने ।

(छ) वायुयानको तोकिए बमोजिम उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) दिने, नवीकरण गर्ने र खारेज गर्ने ।

(ज) वायुयानको उडान, वायुयानबाट यात्रु, डाँक तथा मालसामान ओसार्ने र अन्य औद्योगिक व्यवसाय सम्बन्धी कामको निमित्त वायुयानको प्रयोग गर्न पाउने अवस्थाहरू तोक्ने ।

(झ) वायुयान, वायुयान राख्ने स्थान, वायुयान उडान तथा वायुयान सेवा सञ्चालन सम्बन्धी व्यवस्था र वायुयान मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने स्थानको निरीक्षण गर्ने ।

(ञ) प्रचलित कानून बमोजिम नेपाल सरकारले निषेध गरेको क्षेत्र तथा स्थान बाहेक नेपाल राज्यभित्र वायुयान प्रवेश गर्ने, नेपाल राज्यबाट वायुयान प्रस्थान गर्ने, नेपाल राज्यमाथि उडान गर्न पाउने अवस्था, हवाई मार्ग र वायुयान अवतरण गर्ने स्थानहरू तोक्ने ।

(ट) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र अग्नि निवारण तथा जीवनोद्धार सेवा उपलब्ध गराउने र खोज तथा उद्धार कार्यमा समन्वय गर्ने ।

(ठ) विमानस्थलमा भूमिस्थ सेवा (ग्राउण्ड ह्याण्डिलिंग) सेवा सञ्चालन गर्ने, गराउने ।

(ड) दृष्टिगत र यान्त्रिक उडान (भिजुयल एण्ड इन्टुस्मेण्ट फ्लाइट) गर्ने तथा हवाई मानचित्र (एरोनटिकल चार्टस्) को आवश्यकता तोक्ने, त्यस्तो मानचित्र तयारगर्ने तथा प्रचलन गर्ने र उडानको लागि मौसम सम्बन्धी सूचना आदान प्रदान गर्ने ।

(ढ) हवाई यातायात सेवा तथा सो सम्बन्धी विषयको प्राविधिक जाँचबुझ गर्न प्राधिकरणले आफ्नो वायुयान राख्ने र प्रयोग गर्ने ।

(ण) हवाई उडान सेवा (एयर ट्राफिक सर्भिस), हवाई उडान सूचना सेवा (फ्लाइट इन्फर्मेशन सर्भिस), सचेत गर्ने सेवा (एलर्टिङ्ग सर्भिस), हवाई उडान सल्लाह सेवा (एयर ट्राफिक एडभाइजरी सर्भिस), हवाई उडान नियन्त्रण सेवा (एयर ट्राफिक कन्ट्रोल सर्भिस) र हवाई पथ प्रदर्शन सेवा तथा सुविधा (एयर नेभिगेशन सर्भिस तथा फेसिलिटिज), क्षेत्र नियन्त्रण सेवा (एरिया कन्ट्रोल सर्भिस), पहुँच क्षेत्र नियन्त्रण सेवा (एप्रोच कन्ट्रोल सर्भिस) तथा विमानस्थल नियन्त्रणसेवा (एरोड्रम कन्ट्रोल सर्भिस) उपलब्ध गराउने ।

(त) हवाई सञ्चार सम्बन्धमा प्रयोग गरिने नापको इकाई तोक्ने, वायुयानद्वारा वा वायुयानमा सन्चारको निमित्त प्रयोग गरिने संकेत र त्यस्तो संकेत दिंदा प्रयोग हुने यन्त्र तोक्ने ।

(थ) वायुयानको आवाज नियन्त्रण गर्ने र वायुयान सञ्चालनबाट वायुमण्डल तथा वातावरणमा हुने प्रदूषणमा रोक लगाउने ।

(द) खतराजन्य वस्तु तथा पदार्थहरूको वायुयानद्वारा ओसार पसार गर्न निषेध तथा नियन्त्रण गर्ने र परिमाण तोक्ने ।

(ध) हवाई उडान अनुमति प्रदान गर्ने र वायुयानका चालकहरूको काम, कर्तव्य, उडान तथा विश्राम समय तोक्ने ।

(न) हवाई यातायात सेवा सञ्चालनमा लाग्ने यात्रु तथा मालसामानको ढुवानीको भाडा दस्तूर निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।


(प) विमानस्थल, विमानस्थल क्षेत्र र त्यहाँ उपलब्ध सेवा सुविधाहरूलाई अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी तोकिए बमोजिम प्रयोग गर्ने वा गर्ने दिने ।

(फ) अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि (कन्भेन्सन) बाट पारित भई नेपाल सरकारबाट अनुमोदन भएको र सो महासन्धि अन्तर्गत बनेको तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आई.सि.ए.ओ.) बाट निर्धारित मापदण्ड (स्ट्याण्डर्डस्) र सिफारिशहरू (परिशिष्ट तथा दस्तावेज) आदि आवश्यकतानुसार लागू गर्ने, गराउने ।

(ब) प्राधिकरणको स्वामित्वमा रहेको भवन, वायुयान, यन्त्र, उपकरण आदि सम्पत्तिको आवश्यकतानुसार बीमा गर्ने ।

(भ) नेपाल सरकारले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

## ३. नेपाल नागरिक उड्डयन प्राधिकरणको संगठनात्मक संरचना



नेपाल नागरिक उड्डयन प्राधिकरणको

निर्देशनालय, कार्यालय, प्रतिष्ठान, विभाग र नागरिक उड्डयन कार्यालय (निर्देशकस्तर) र आयोजनाका जिम्मेवार पदाधिकारी र सम्पर्क टेलिफोन नम्बर

# महानिर्देशक राजन पोखरेल

| क्र. सं. | हाल कार्यरत कार्यालय | पद | जिम्मेवार पदाधिकारीको नाम | सम्पर्क टेलिफोन नम्बर |
|---|---|---|---|---|
| १. | प्राधिकरण, प्रधान कार्यालय | उप-महानिर्देशक | नरेन्द्रबहादुर थापा | ९८५१०७६९८९ |
| २. | प्राधिकरण, प्रधान कार्यालय | उप-महानिर्देशक/प्रवक्ता | राजकुमार क्षेत्री | ९८५१०६७८३४ |
| ३. | त्रि.अ.वि.ना.उ. कार्यालय | महाप्रबन्धक | देबेन्द्र के.सी. | ९८५११४२०२२ |
| ४. | नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान | प्रमुख | देवानन्द उपाध्याय | ९८५११४५९५५ |

## विभाग/नागरिक उड्डयन कार्यालय/आयोजना

| | | | |
|---|---|---|---|
| १ | पोखरा ना. उ. कार्यालय | भोला प्रसाद गुरागाईं | ९८४१३९१८१३ |
| २ | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालन तयारी कार्यदल | प्रताप बाबु तिवारी | ९८४१२०००२२ |
| ३ | Domestic Airports & Facilitation Dept. | शिशिल चित्रकार | ९८४९७३३३८९ |
| ४ | AIM Department | सुधीर कुमार चौधरी | ९८४१३२००८७ |
| ५ | ATM Department | दिपक बराल | ९८४९२२८७०७ |
| ६ | Communication & Navigation Aid Dept. | हंसराज पाण्डेय | ९८४१९२७५८१ |
| ७ | Airport Operation Department, TIA | देव चन्द्र लाल कर्ण | ९८४१३०५९३७ |
| ८ | गौतमबुद्ध विमानस्थल ना.उ. कार्यालय | टेकराज पोखरेल | ९८४१८७०४८२ |
| ९ | Flight Operation Department, TIA | सुरेश मान सिंह | ९८४१३२४६४३ |
| १० | Improvement of Aviation Safety Facilities Project | मदन लाल काफ्ले | ९८४१२०७८९२ |
| ११ | अर्थ विभाग | गोविन्द प्रसाद दहाल | ९८५२०२११३८ |
| १२ | कर्पोरेट योजना तथा अनुगमन विभाग | जग्गनाथ निरौला | ९८४९८८७६४८ |
| १३ | Electro mechanical Department | कुल प्रसाद सिंखडा | ९८५१००५८६८ |
| १४ | राष्ट्रिय गौरव आयोजना, Aerodrome Engineering Department | प्रदीप अधिकारी | ९८५११०६३९१ |
| १५ | प्रशासन विभाग | विनोद प्रसाद न्यौपाने | ९८४१४३८३०९ |
| १६ | Rescue & Fire Fighting Department | सुनिल भट्टराई | ९८४१३७०३२५ |
| १७ | Technical Service Department, TIA | देवनारायण शाह | ९८४१५८१९३४ |
| १८ | ANS Safety Std. Department | नविना कर्माचार्य | ९८४१४८५०९२ |
| १९ | नेपालगंज ना. उ. कार्यालय | प्रेमनाथ ठाकुर | ९८४१२५८९२४ |
| २० | Aerodrome Safety Std. Department | बाबुराम पौडेल | ९८५१०९६७३३ |
| २१ | विराटनगर ना. उ. कार्यालय | टेकनाथ सिटौला | ९८४१०३१११ |
| २२ | आन्तरिक लेखा परीक्षण विभाग | शिखा शर्मा बास्तोला | ९८४१३९३६९९ |
| २३ | Air Transport Capacity Enhancement Project | मुरारी भण्डारी | ९८४१३७८९२३ |
| २४ | Aviation Security Department | गोपाल चन्द्र थापा | ९८४१४१८१७८ |
| २५ | Human Resource Department | दिनेश राज जोशी | ९८४१७०३७६८ |

| | | | |
|---|---|---|---|
| २६ | ICAO, Int'l Affairs & Legal Department | राम कुमार राय | ९८४१३०९७५० |
| २७ | CNS Planning & Development Department | मुकुल मिश्र | ९८४९४९६७०० |
| २८ | Flight Safety Standard Department | राजु श्रेष्ठ | ९८५११७७९३९ |

## ४. निकायबाट प्रदान गरिने सेवा

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र

(ख) नेपाल नागरिक उड्डयन प्राधिकरणको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सेवा प्रदान गर्ने निकायका जिम्मेवार अधिकारी

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्देशनालय, कार्यालय, प्रतिष्ठान, विभाग, आयोजना, नागरिक उड्डयन कार्यालयहरुबाट सूचना मागकर्ताको माग बमोजिम प्राप्त गरी सूचना अधिकारी मार्फत सेवा प्रदान भैरहेको । साथै आवश्यकतानुसार सम्बन्धित निर्देशनालय, कार्यालय, प्रतिष्ठान, विभाग, आयोजना, नागरिक उड्डयन कार्यालयहरुबाट सूचना मागकर्ताको माग बमोजिम सूचना उपलब्ध गर्ने व्यवस्था गरिएको छ ।

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

**(क)** सूचना दिंदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिंदा टिकट टाँस्नु नपर्ने र कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठभन्दा धेरै सूचना दिंदा निम्न अनुसार शुल्क लिइनेछ :-
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाई र एघार दशमलब सात इन्च लम्बाईसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
  - ✓ माथि उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
  - ✓ डिस्केट, सीडी, पेनड्राइभ र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी, पेनड्राइभ वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
  - ✓ कुनै सूचना तयार गर्दा माथि लेखिएभन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
  - ✓ सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।

- ✓ प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- ✓ मूल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ प्राधिकरणको उद्देश्य र कामको प्रबर्धन लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख)** सूचना उपलब्ध गराए वापत शुल्क लिने तरिका

- ➢ नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ ।
- ➢ कुनै बैंकमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ ।
- ➢ सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ ।

**(ग)** सेवा प्राप्त गर्न लाग्ने अवधि

- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउँ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइने छ ।
- ➢ अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

**(क)** निर्णय प्रक्रिया सम्बन्धमा

- ➢ नेपाल नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराउने सेवा सम्बन्धमा
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
  - प्राधिकरणको ऐन, नियमावली, निर्देशिका, कार्यविधि अनुसार ।
- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख)** निर्णय गर्ने अधिकारी सम्बन्धमा

- ➢ प्राधिकरणले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु,
- ➢ प्राधिकरण सञ्चालक समितिबाट भएको निर्णयहरु,
- ➢ महानिर्देशकस्तरबाट हुने कार्यहरु,
- ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम,
- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

क) प्राधिकरणले उपलब्ध गराउने सेवा सम्बन्धमा

- प्रचलित ऐन कानूनमा भएको व्यवस्था बमोजिम

ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा

- राष्ट्रिय सूचना आयोग

## ९. सम्पादन गरेको कामको विवरण

नेपाल नागरिक उड्डयन प्राधिकरण

को

आर्थिक वर्ष २०७६/०७७ स्रोत तथा उपयोगको सारांश तालिका

| स्रोततर्फ (रु.) | | उपयोगतर्फ (रु.) | |
|---|---|---|---|
| आम्दानी | ८ अर्ब ३३ करोड १३ लाख | पूँजीगत खर्च | ३४ अर्ब ४ करोड ३७ लाख |
| विमानस्थल विकास शुल्क | २ अर्ब २१ करोड २८ लाख | कार्यसञ्चालन खर्च | ४ अर्ब १८ करोड ८४ लाख |
| ऋण/शेयर/अनुदान | १७ अर्ब २९ करोड ८९लाख | | |
| **जम्मा** | **२७ अर्ब ८४ करोड ३० लाख** | **जम्मा** | **३८ अर्ब २३ करोड २१लाख** |
| नेपाल सरकारबाट प्राप्त हुनुपर्ने | ६८ करोड ४० लाख | **साँवा/व्याज भुक्तानी** | ९९ करोड ५० लाख |
| | | लाभांश | ३५ करोड ७६ लाख |
| | | मूल्य अभिबृद्धि कर | २ अर्ब ६७ करोड ४८ लाख |
| **जम्मा आम्दानी** | **२८ अर्ब ५२ करोड ७० लाख** | कर्मचारी बोनस | १ अर्ब २६ करोड ३१ लाख |
| | | वायुयान सञ्चालन कोषको नन्अपरेटिभ खाता | ६३ करोड ६५ लाख |
| प्रतीपत्र/मोविलाइजेशन पेस्की | ३ अर्ब २९ करोड ९९ लाख | स्थिर सम्पत्ति प्रतिस्थापन कोष | १अर्ब ६५ करोड ६६ लाख |
| २०७६ श्रावणको शुरु मौज्दात | १५ अर्ब १४ करोड ९३ लाख | आयकर व्यवस्था | १ अर्ब १४ करोड ९४ लाख |
| **जम्मा** | **४६ अर्ब ९७ करोड ६२ लाख** | **जम्मा** | **४६ अर्ब ९६ करोड ५१लाख** |
| **खूद वचत न्यून** | **१ करोड ११ लाख** | | |

## १०. प्रमुख र सूचना अधिकारीको नाम, पद तथा सम्पर्क टेलिफोन नम्बर

| महानिर्देशक | राजन पोखरेल | ४२६२३८७ |
|---|---|---|
| सूचना अधिकारी/उपनिर्देशक | त्रिलोचन पौड्याल | ९८५१२५५३१३ |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

नेपाल नागरिक उड्डयन प्राधिकरणसँग, सम्बन्धित ऐन, नियमावली, कार्यविधि, निर्देशिका म्यानुअल आदि आवश्यकतानुसार नेपाली र अंग्रेजी भाषामा प्राधिकरणको Websitewww.caanepal.gov.np मा राखिएको छ।

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**आम्दानीतर्फ (रु.)**

| शीर्षक | **Budgeted** | **Upto Poush Actual** | | | **Projected Annual 76.77** | |
|---|---|---|---|---|---|---|
| एडिएफ | 2,21,28,00,000.00 | 84,35,28,139.16 | 76% | 76% | **1,68,70,56,278.32** | 76% |
| एडिएफ बाहेक अन्य आय | 8,33,13,00,000.00 | 3,37,76,88,702.02 | 81% | 81% | **6,75,53,77,404.04** | 81% |
| **जम्मा आय** | **8,33,13,00,000.00** | **4,22,12,16,841.18** | 101% | 101% | **8,44,24,33,682.36** | 101% |

**खर्चतर्फ (रु.)**

| **Heading** | **Budget** | **Actual Expenses Upto Poush** | **Progress** | **Proportional %** | **Projected Annual 76.77** | |
|---|---|---|---|---|---|---|
| कार्यसञ्चालन खर्च | 4,18,84,00,000.00 | 1,53,11,34,199.69 | 37% | 73% | **3,57,26,46,465.93** | 85% |
| पूँजीगत खर्च | 34,04,37,00,000.00 | 9,15,51,01,952.41 | 27% | 54% | **22,88,77,54,881.02** | 67% |
| मूल्य अभिबृद्धि कर र अन्य खर्च | 8,73,30,00,000.00 | 2,28,45,88,588.63 | 26% | 52% | **5,33,07,06,706.81** | 61% |
| **जम्मा व्यय** | **46,96,51,00,000.00** | **12,97,08,24,740.73** | 28% | 55% | **31,79,11,08,053.76** | 68% |

---

| कोड | शीर्षक | बजेट (रु.) | खर्च (रु.) |
|---|---|---|---|
| 3.1.01 | तलब | 600000000 | 258970097.3 |
| 3.1.02.1 | संचय कोष थप | 60000000 | 21666908.3 |
| 3.1.02.2 | कल्याणकारी कोष थप | 40000000 | 36840680.45 |
| 3.1.03 | भत्ता | 397886000 | 160657859.3 |
| 3.1.04 | अतिरिक्त पारिश्रमिक खर्च | 160360000 | 38985968.13 |
| 3.1.05 | पोशाक | 22760000 | 12362000 |
| 3.1.06 | औषधि उपचार खर्च | 77000000 | 74091336.9 |
| 3.1.07 | संचित बिदा | 30000000 | 0 |
| 3.1.09 | टेलिफोन खर्च | 700000 | 259107.68 |
| 3.1.10 | खाजा खर्च | 26715000 | 4421194 |
| 3.1.11.1 | पेन्सन | 130000000 | 1491791.99 |
| 3.1.11.2 | उपदान | 130000000 | 72143239.15 |
| 3.1.11.3 | विदा | 30000000 | 14990530.49 |
| 3.1.11.4 | औषधि उपचार | 40000000 | 18385836.09 |

| | | | |
|---|---|---|---|
| 3.1.11.5 | जीवन सुरक्षण खर्च | 40000000 | 19225609.77 |
| 3.1.11.6 | अन्य सुविधा | 2000000 | 0 |
| 3.1.12 | आन्तरिक पर्यटन खर्च | 28640000 | 5056950 |
| 3.1 | मसलन्द तथा छपाई | 26062000 | 6471780.68 |
| 3.11 | अन्य कार्यालय सामान | 26365000 | 8004375.15 |
| 3.12 | पुस्तक तथा पत्रपत्रिका | 3935000 | 782367 |
| 3.13.01 | इन्धन सवारी साधन | 23463000 | 8035142.55 |
| 3.13.02 | इन्धन अन्य प्रयोजन | 35770000 | 6495113.67 |
| 3.14 | अतिथि सत्कार | 11510000 | 3440495.38 |
| 3.16 | दैनिक तथा भ्रमण खर्च | 52405000 | 13498658 |
| 3.17.01 | भवन मर्मत ( विमानस्थल ) | 197989557 | 11591368.17 |
| 3.17.02 | रन वे, ट्याक्सी वे, एप्रोन तथा सडक | 179190000 | 31964695.84 |
| 3.17.03 | सरसफाई | 126690000 | 45188737.52 |
| 3.17.04 | अन्य | 17050000 | 3096445.9 |
| 3.18 | उत्सव तथा समारोह खर्च | 28415000 | 9834325.35 |
| 3.19 | बैंक कमिशन खर्च | 2485000 | 1004584.25 |
| 3.2.01 | बिजुली तथा पानी | 203010000 | 81988329.39 |
| 3.2.02 | टेलिफोन, टेलेक्स, फ्याक्स तथा हुलाक | 15716000 | 1734823.85 |
| 3.2.03 | विज्ञापन | 28210000 | 9547964.79 |
| 3.2.04 | सरसफाई सामान | 9650000 | 2362790.1 |
| 3.2.05 | सरसफाई ज्याला | 8285000 | 1754035.4 |
| 3.2.06 | सुरक्षा खर्च | 33145000 | 4350000.1 |
| 3.2.07 | बीमा खर्च | 27750000 | 6501477.08 |
| 3.2.08 | अन्य सेवा खर्च | 504759854 | 82037774.33 |
| 3.2.09 | सेवा प्रदायक खर्च | 199122710 | 59237535.48 |
| 3.2 | भैपरि खर्च | 21000000 | 2000000 |
| 3.21 | सञ्चालक समिति बैठक खर्च | 2000000 | 308268 |
| 3.22 | अन्य समिति बैठक खर्च | 18170000 | 2931253.5 |
| 3.3.01 | स्वदेशी तालीम | 49660000 | 3667644.41 |
| 3.3.02 | विदेशी तालीम | 85528000 | 11128401.3 |
| 3.3.03 | विदेशी सेमिनार तथा गोष्ठी | 25500000 | 12244065.42 |
| 3.4 | स्वदेशी सेमिनार तथा गोष्ठी | 30700000 | 3260854.62 |
| 3.5 | अन्ययन तथा अनुसन्धान | 3075000 | 0 |
| 3.6 | परीक्षा सञ्चालन | 31650000 | 5673993 |
| 3.7 | परामर्श तथा सल्लाह | 1473122124 | 221329885.8 |
| 3.8.01 | घर जग्गा वहाल | 10360000 | 90000 |

| | | | |
|---|---|---|---|
| 3.9.01 | भवन तथा सडक (मर्मत) | 62065000 | 20888942.51 |
| 3.9.02 | उड्डयन उपकरण (मर्मत ) | 73174800 | 5031875 |
| 3.9.03 | सपोर्ट प्र णाली उपकरण (मर्मत) | 288567208 | 26004220.24 |
| 3.9.04 | सवारी साधन (मर्मत ) | 14405000 | 2991314.58 |
| 3.9.05 | अन्य मर्मत | 12435000 | 2200399.4 |
| 4 | फोम कम्पाउण्ड तथा ड्राइकेमिकल्स | 5750000 | 0 |
| | **जम्मा कार्यसञ्चालन खर्च** | **5784201253** | **1531134200** |

| | | | |
|---|---|---|---|
| 1.1.02 | अधिग्रहण -Land | 5694799621 | 1315880538 |
| 1.2.01 | रन वे, ट्याक्सी वे तथा एप्रोन निर्माण | 18521858945 | 6768243734 |
| 1.2.02 | भवन | 2749951458 | 327196072.7 |
| 1.2.03 | रनवे विद्युतीकरण | 214880783 | 0 |
| 1.2.04 | विमानघाट नियन्त्रण उपकरण | 278438070 | 10945280 |
| 1.2.05 | क्षेत्र नियन्त्रण उपकरण | 76500000 | 0 |
| 1.2.06 | एप्रोच नियन्त्रण उपकरण | 4560000 | 4549600 |
| 1.2.09 | आन्तरिक एयरग्राउण्ड उपकरण | 79293200 | 12899990 |
| 1.2.10 | पथप्रदर्शन नेभिगेशन उपकरण | 1302685841 | 0 |
| 1.2.11 | टर्मिनल सूचना उपकरण | 34107840 | 0 |
| 1.3.01 | खोज तथा उद्दार उपकरण | 9000000 | 0 |
| 1.3.02 | सूरक्षा उपकरण | 327220350 | 18955450 |
| 1.3.03 | अग्नि निवारण तथा जीवनोद्धार उपकरण | 889499452 | 101499618.9 |
| 1.3.04 | मौसमी सूचना उपकरण | 59012413 | 16188140.03 |
| 1.3.05 | यान्त्रिक उपकरण | 1437267615 | 100453412.8 |
| 1.3.06 | सडक | 100740000 | 396648.25 |
| 1.3.07 | लिप्ट तथा एलिभेटर | 25710000 | 0 |
| 1.3.09 | प्लान्ट तथा मेशिनरी | 79749840 | 18887081.65 |
| 1.4.01 | सवारी साधन | 38600000 | 9200 |
| 1.4.02 | कार्यालय सामान | 16976000 | 2894224.35 |
| 1.4.03 | स्टील फर्निचर | 51258300 | 15183083.54 |
| 1.4.04 | काठ फर्निचर | 13840000 | 2477660 |
| 1.4.05 | पानी तथा बिजुली व्यवस्था | 123571500 | 1223898.86 |
| 1.4.06 | पुस्तक म्यानुअल तथा नक्सा | 1915000 | 0 |
| 1.4.07 | विविध स्थिर सम्पति | 18872500 | 1261084 |
| 1.4.08 | सफ्ट वेयर खरीद | 213500000 | 0 |
| 2 - अप | अपलेखन गर्नुपर्ने पूँजीगत खर्च | 84047788 | 0 |
| | **जम्मा पूँजीगत खर्च** | 32447856516 | 9155101952 |

## १३. तोकिए बमोजिमका अन्य विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा ७ (१) बमोजिम माग गरेको सूचना र उपलब्ध गराइएको सूचना संख्या :

माग गरिएको सूचना संख्या : १३
उपलब्ध गराइएको सूचना संख्या : १३

**गुनासो व्यवस्थापन**

नेपाल नागरिक उड्डयन प्राधिकरण मातहतका निकायहरुका सम्बन्धमा सरोकारवालाहरुका गुनासो व्यवस्थापन प्राधिकरण प्रशासन विभागले गर्दै आएको छ। यस अवधिमा प्राधिकरणले प्राप्त गुनासोहरु गुनासोसँग सम्बन्धित निर्देशनालय, कार्यालय, प्रतिष्ठान, विभाग, आयोजना र नागरिक उड्डयन कार्यालयमा सुनुवाईका लागि सम्बन्धमा पठाइएको र गरिएको कारवाहीको जानकारी प्राधिकरणमा उपलब्ध गराउने संयन्त्रको विकास गरिएको छ। यस अवधिमा प्राधिकरणका निकायहरुको कार्यसँग सम्बन्धित गुनासोहरुको सुनुवाईको अवस्था यसप्रकार रहेको छः

| गुनासोको माध्यम | प्राप्त संख्या | फछ्यौंट संख्या | फछ्यौंट (%) |
|---|---|---|---|
| हेलो सरकारबाट प्राप्त गुनासो | ११ | ३ (बाँकी फछ्यौंटको प्रक्रियामा रहेको ।) | |

**नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रकाशनहरु**

नेपाल नागरिक उड्डयन प्राधिकरणले आफूसँग सम्बन्धित कामहरूको प्रगति विवरण तथा प्रतिवेदनहरू, बजेट, प्राधिकरणका दस्तावेजहरु वेभसाइटमा राख्नुका साथै छपाई गरेर प्रकाशन गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिएको छ। प्राधिकरणका प्रकाशनहरू प्राधिकरणको Website www.caanepal.gov.np मा राखिएको छ ।

## १४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुसार कतिपय कार्यक्रम/आयोजना विगत आर्थिक वर्षदेखि नै सञ्चालन भएको र सोसो निरन्तरता कायम भैरहेको छ ।

## १५. सार्वजनिक निकायको वेबसाइटमा भए सोको विवरण प्राधिकरणको वेभसाइट

| नाम | उपयोग |
|---|---|
| www.caanepal.gov.np | नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नेपाल सरकारको निर्देशन र प्राधिकरणको नीति अनुसार हुने गरेको ।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

नेपाल नागरिक उड्डयन प्राधिकरणको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन भएको र प्रगति प्रतिवेदन मासिक र चौमासिक रुपमा नियमित भएको । आवश्यकतानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रगतिका सम्बन्धमा समय-समयमा पत्रकार सम्मेलन सञ्चालन गरी सूचना प्रवाह गरेको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावाधि**

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट हालसम्म सूचना वर्गीकरण नभएको र सूचना संरक्षण भैरहेको छ ।

**१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

सूचना मागकर्ताको माग अनुसार सूचना लिखित र मौखिक रुपमा उपलब्ध गराइएको छ ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

आवश्यकतानुसार विभिन्न राष्ट्रियस्तरको पत्रिका प्रकाशित गर्ने गरिएको । नेपाल नागरिक उड्डयन प्राधिकरणको वार्षिकोत्सवको उपलक्ष्यमा राष्ट्रियस्तरको पत्रिका र Souvenir मा विभिन्न लेख रचनाहरु प्रकाशित गरिएको ।

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्पादित विभिन्न गतिविधि/क्रियाकलापको बारेमा जानकारी गराउने उद्देश्यले प्रत्येक ३/३ महिनामा CAAN NEWS प्रकाशित गर्ने गरिएको छ ।